# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७४।०८।१८ गते

# प्रेस विज्ञप्ति

**विषय: घुस रकम सहित नियन्त्रणमा लिईएको।**

-----------------------------------------------------------------

मालपोत कार्यालय कलङ्की, काठमाडौंमा कार्यरत नायब-सुब्बाद्वय शेर बहादुर थापा र नारायणमणी खनालले जग्गा हाल साविक गरी जग्गा धनी प्रमाण पुर्जा बनाउने प्रयोजनको लागि सेवाग्राहीसँग विभिन्न बहानामा रु.३०,०००/- (तीस हजार) घुस रिसवत माग गरिरहेको भन्ने उजुरी एवम् निवेदनको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालबाट खटिई गएको टोलीले निज नायब-सुब्बाद्वय शेर बहादुर थापा र नारायणमणी खनाल समेत का.जि. किर्तिपुर न.पा. वडा न. ६ का विचौलिया कपिलदेव खड्कालाई घुस बापतको रु.३०,०००/- (तीस हजार) लिएको अवस्थामा का.म.न.पा. वडा न. १४ स्थित प्राकृतिक उपचार केन्द्रको भित्री कोठाबाट मिति २०७४।०८।१४ गते नियन्त्रणमा लिई अनुसन्धान भइरहेको छ ।

(खगेन्द्र प्रसाद रिजाल)
सहायक प्रवक्ता एवं सूचना अधिकारी